# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.:२०८२/८३
च:.नं.

## कर्मचारी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०८२/०९/१४

नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार सन्चालित सुरक्षित आप्रवासन कार्यक्रम सामी अन्तर्गत मोरङ जिल्ला रतुवामाई नगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

| क्र. सं. | पद/तह | विज्ञापन नं | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौ तह) | ०७ - २०८२/८३ | १ | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/ मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।<br>• कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>• दरखास्त दिने अन्तिम मितिमा पुरुषको हकमा १८ वर्ष पुराभई ३५वर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पुराभई ४० वर्ष ननाघेको<br>• प्रचलित कानुन बमोजिम सरकारी सेवाको पदको लागि आवेदन दिन अयोग्य नभएको।<br>SaMI कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:<br>• -कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालीम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको। |

डम्मर वल्लभ बराल
प्रमुख प्रशासकीय अधिकृत



फोन नं.:०२१-४१४०५७
वेबसाइट : ratuwamaimun.gov.np
फेसबुक पेज : https://www.facebook.com/RatuwamaiMunicipalitySijuwaMorangNepal
ईमेल : ratuwamaimunicipalityinfo@gmail.com


Scanned with CamScanner

# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश , नेपाल

प.सं.:२०८२/८३
च:.नं.

कार्य अवधि: हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

परिक्षाको किसिम: लिखित,प्रयोगात्मक र अन्तर्वार्ता ।

तलव तथा अन्य सुविधा : नगरपालिकाले तोके अनुसार ।

आवश्यक कागजातहरु : माथि उल्लेखित योग्यता पुगेका इच्छुकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको २ प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित रतुवामाई नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

दरखास्त दस्तुर : रु.५००/-

छनौट प्रक्रिया: प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ ।

दरखास्त दिने अन्तिम मिति : २०८२।०९।२० गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको सुरुदिन सम्म निवेदन बुझाउन सकिने छ ।

..............................

डम्मरु बल्लभ
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner